१४औं नगर सभा २०८१।०९।२९ बाट स्वीकृत

# त्रियुगा प्रज्ञा प्रतिष्ठान नियमावली, २०८१

**प्रस्तावना** : बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक हाम्रो समाजलाई एकताबद्ध बनाइ राख्ने र सामाजिक विविधताका बीच आत्मीय सम्बन्ध बनाइ राख्ने महत्त्वपूर्ण औजार, भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान, प्रविधिको समुचित विकास गर्ने अभिप्रायले त्रियुगा प्रज्ञा प्रतिष्ठान ऐन, २०८१ बमोजिम त्रियुगा नगर कार्यपालिकाले यो नियमावली बनाएको छ।

## परिच्छेद १

## प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस नियमावलीको नाम '**त्रियुगा प्रज्ञा प्रतिष्ठान नियमावली, २०८१**' रहेको छ।

२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) '**नगरपालिका**' भन्नाले त्रियुगा नगरपालिकालाई सम्झनु पर्दछ।

ख) '**प्रमुख**' भन्नाले त्रियुगा नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ।

ग) '**उप–प्रमुख**' भन्नाले त्रियुगा नगरपालिकाका उप–प्रमुखलाई सम्झनु पर्दछ।

घ) '**प्रमुख प्रशासकीय अधिकृत**' भन्नाले त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) '**प्रतिष्ठान**' भन्नाले त्रियुगा प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

च) '**अध्यक्ष**' भन्नाले प्रतिष्ठानका अध्यक्षलाई सम्झनु पर्दछ।

छ) '**उपाध्यक्ष**' भन्नाले प्रतिष्ठानका उपाध्यक्षलाई सम्झनु पर्दछ।

ज) '**सचिव**' भन्नाले प्रतिष्ठानको सदस्य सचिवलाई सम्झनु पर्दछ।

झ) '**पदाधिकारी**' भन्नाले प्रतिष्ठानका पदाधिकारीलाई सम्झनु पर्दछ।

ञ) '**सदस्य**' भन्नाले कार्य समितिका सदस्यलाई सम्झनु पर्दछ।

ट) '**संस्था**' भन्नाले त्रियुगा प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्दछ।

ठ) '**समिति**' भन्नाले प्रतिष्ठानको कार्य समितिलाई सम्झनु पर्दछ।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

ड) **'परिषद्'** भन्नाले त्रियुगा प्रज्ञा प्रतिष्ठान ऐन बमोजिम गठित परिषदलाई सम्झनु पर्दछ।

ढ) **'भाषा'** भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्नेछ।

ण) **'कला'** भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला लगायतका अन्य सृजनात्मक कलालाई सम्झनु पर्नेछ।

त) **'साहित्य'** भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोकसाहित्य समेतलाई सम्झनु पर्नेछ।

थ) **'संस्कृति'** भन्नाले नेपाली संस्कृतिका विविध पक्षलाई सम्झनु पर्नेछ।

द) **'विज्ञान प्रविधि'** भन्नाले विज्ञान र आधुनिक प्रविधिलाई सम्झनु पर्दछ।

ध) **'बौद्धिक सम्पत्ति'** भन्नाले ज्ञान, विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नतिजालाई सम्झनु पर्दछ।

न) **'बौद्धिक बैङ्क'** भन्नाले ज्ञान, विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नतिजालाई वैधानिक रूपमा संरक्षण गर्ने कार्यलाई सम्झनु पर्दछ।

प) **'पाठक सदस्य'** भन्नाले पुस्तकालय प्रयोग गर्नका लागि पाठक सदस्यता लिएका व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ।

फ) **'परिषद् सदस्य'** भन्नाले त्रियुगा प्रज्ञा प्रतिष्ठान परिषद् सदस्यलाई सम्झनु पर्दछ।

ब) **'तोकिएका वा तोकिए बमोजिम'** भन्नाले यस नियमावली र कार्यविधिमा तोकिएका वा तोकिए बमोजिम सम्झनु पर्दछ।

## परिच्छेद—२

## उद्देश्य

**३. प्रतिष्ठानका उद्देश्यहरू :**

१) भाषा, साहित्य, कला, संस्कृति, बौद्धिक सम्पत्ति, ज्ञान, विज्ञान प्रविधिको विकास, संरक्षण र संवर्द्धन गर्ने।

२) स्रष्टाहरूको क्षमता विकास गर्ने।

**४. प्रतिष्ठानका कार्यहरू :** यस प्रतिष्ठानले आफ्नो उद्देश्य पूरा गर्न देहाय बमोजिमका कार्य गर्ने छ।

(क) स्वयंसेवी जनशक्ति उत्पादन गर्ने,



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख

(ख) नेपालका भाषा, साहित्य, कला, संस्कृतिलाई देश र विदेशमा प्रचार प्रसार गर्ने,

(ग) बौद्धिक बैङ्कको स्थापना र परिचालन गर्ने,

(घ) बौद्धिक बैङ्कमा सङ्कलन भएका बौद्धिक सम्पत्तिहरू सङ्घीय र प्रदेश सरकारमा पठाउने र पेटेन्ट राइटका लागि सहजीकरण गर्ने,

(ङ) अन्य सङ्घ संस्थासँग समन्वय र सहकार्य गर्ने,

(च) बौद्धिक, सामाजिक, आर्थिक, भाषिक, साहित्यिक, कलासँग सम्बन्धित सांस्कृतिक, विज्ञान प्रविधि एवम् वातावरणीय विकासका कार्यहरू गर्ने,

(छ) भाषा, साहित्य, कला, संस्कृति, नाट्यकला, अभिनय, चित्रकारिता, सङ्गीत, विज्ञान प्रविधि लगायत प्राचीन, लोक र आधुनिक कला साथै ज्ञान विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान केन्द्रको रूपमा काम गर्ने,

(ज) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारी तथा अन्य जनशक्ति नगरपालिकासँग माग गरी व्यवस्था मिलाउने,

(झ) भौतिक पूर्वाधार लगायत उपकरणहरूको व्यवस्था गर्ने,

(ञ) प्रतिष्ठानका अन्य कामहरू गर्ने।

## परिच्छेद ३

## बौद्धिक बैङ्क र पुस्तकालय

५. **बौद्धिक बैङ्क सम्बन्धी व्यवस्था** : बौद्धिक बैङ्कका क्षेत्रहरू देहाय बमोजिम हुनेछन् :

१) विज्ञान र प्रविधिको खोज,अध्ययन,अनुसन्धान र व्यवहारिक प्रयोग,

२) सामाजिक मूल्य मान्यता, संस्कृति, नैतिक पक्ष, सामाजिक रूपान्तरण र पुस्तान्तर सम्बन्धी व्यवहारिक ज्ञान र सीपको प्रयोग,

३) खाद्य पदार्थमा पाइने विभिन्न तत्त्वहरू र तिनले मानव जीवनमा पार्ने प्रभाव विश्लेषण,

४) जेनेटिक इन्जिनियरिङ सम्बन्धी खोज, अध्ययन अनुसन्धान,



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

५) मनोविज्ञान, मनोचिकित्सा, मनोविश्लेषण, मनोपरामर्श सेवाका साथ सरल जीवनयापन सम्बन्धी खोज, अध्ययन, अनुसन्धान,

६) इतिहास र खगोल शास्त्र सम्बन्धी खोज, अध्ययन, अनुसन्धान,

७) भाषा, साहित्य, कला, मानव शास्त्र र कानून शास्त्र सम्बन्धी खोज अध्ययन अनुसन्धान,

८) अन्य जुनसुकै विषयको खोज, अध्ययन, अनुसन्धान र सिद्धान्तको प्रतिपादन।

६. **बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था** : बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१) कुनै पनि व्यक्ति वा संस्थाले यस बैङ्कका क्षेत्र भित्रका अनुसन्धान प्रतिवेदन वा बौद्धिक सम्पत्ति अनुसूची १ बमोजिमका आवेदन साथ संस्थामा जम्मा गर्न सक्ने छ।

२) उपनियम (१) बमोजिम जम्मा भएको बौद्धिक सम्पत्ति संस्थाले आवश्यक प्रक्रिया पुरा गरी दता गर्न योग्य भए ३ महिनाभित्र दता गर्ने र दता गर्न योग्य नभए फिर्ता गर्नु पर्नेछ।

३) उपनियम (१) र (२) बमोजिम बौद्धिक सम्पत्ति जम्मा भएपछि जम्मा गर्ने व्यक्ति वा संस्थालाई अनुसूची २ बमोजिमका प्रमाणपत्र उपलब्ध गराइने छ।

४) उपनियम (३) बमोजिम प्रक्रिया पूरा भएको बौद्धिक सम्पत्ति संस्थामा संरक्षण गरिनेछ।

५) उपनियम (४) बमोजिम राखिएका बौद्धिक सम्पत्ति उत्पादकको अनुमतिमा प्रचलित कानुन बमोजिम संस्थाले लगानी गरी बिक्री, वितरण वा प्रचार प्रसार र प्रयोगमा ल्याउन प्रबन्ध गर्न सक्नेछ।

६) उपनियम (५)बमोजिमको कार्यबाट प्राप्त रकममध्ये उत्पादकलाई पच्चीस प्रतिशत दिइने छ र बाँकी पचहत्तर प्रतिशत संस्थाको कोषमा जम्मा हुनेछ साथै सो सम्पत्तिमा उत्पादकको अधिकार सुरक्षित राखिने छ।

७) यो नियमावली र प्रचलित कानून बमोजिम दर्ता भई यस बैङ्कमा जम्मा गरिएका बौद्धिक सम्पत्ति फिर्ता लिई अन्यत्र जम्मा गर्न, बिक्री तथा वितरण गर्न पाइने छैन तर दर्ता हुनु अगावै फिर्ता लिन चाहेमा वाधा पर्ने छैन।



प्रमाणित गर्ने

बसन्त-कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

**७. बौद्धिक सम्पत्तिको सुरक्षा प्रबन्ध :**

१) कुनै व्यक्ति वा संस्थाले जम्मा गरेका बौद्धिक सम्पत्ति अरूले चोर्न, नक्कल गर्न वा आफ्नो हो भनी दाबी गर्न पाउने छैन र यदि कसैले अरूको उत्पादन आफ्नो भनी चोरी दाखिला गरेको रहेछ भने सो प्रमाणित भएमा सो सम्पत्ति सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता गरी निज चोरी गर्नेलाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

२) यस बैङ्कमा जम्मा भएको बौद्धिक सम्पत्ति संस्थाको स्वीकृति बिना अन्यत्र लैजान, प्रचार प्रसार गर्न वा बिक्री गर्न पाइने छैन।

३) यस बैङ्कमा जम्मा भएको सम्पत्ति हराएमा वा नष्ट भएमा संस्थाले प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

**८. सम्पर्क संस्थाको रूपमा रहने** : नेपालको संविधान र प्रचलित कानून बमोजिम यो बौद्धिक बैक सङ्घीय सरकारको सम्पर्क संस्थाका रूपमा रहने छ र यसमा जम्मा भएका बौद्धिक सम्पत्तिहरू उत्पत्तिको प्रमाण पत्र (पेटेन्ट राइट) का लागि सम्बन्धित निकायमा पेस गरी प्रमाण पत्र उपलब्ध गरांउन सहजीकरण गर्न सकिनेछ।

**९. उत्प्रेरणा, नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था** : उत्प्रेरणा, नियमन र नियन्त्रण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१) नगरपालिकाले संस्था मार्फत नगरवासीलाई बौद्धिक विकास गर्न उत्प्रेरित गर्नेछ।

२) उपनियम (१) को प्रयोजनका लागि संस्थाले विषय तोकी उत्प्रेरक बन्नका लागि सूचना प्रकाशित गर्नेछ।

३) तोकिएको म्याद भित्र कुनै विषयमा उत्प्रेरक बन्न चाहेमा अनुसूची ३ बमोजिमका ढाँचामा आवेदन दिनु पर्नेछ।

४) उपनियम (३) बमोजिम आवेदन गर्ने व्यक्तिहरूलाई विभिन्न पक्षको मूल्याङ्कन गरी अधिकतम अङ्कका आधारमा छनोट गरी तालिम दिइनेछ।

५) तालिम पश्चात् कम्तीमा ५ जना व्यक्तिबाट पुनः उत्प्रेरक क्षमता मूल्याङ्कन गराइने छ र यसरी छनोट भएका व्यक्तिलाई उत्प्रेरक प्रमाणपत्रका लागि नगरपालिकामा सिफारिस गरिनेछ।

६) उत्प्रेरक मूल्याङ्कन सम्बन्धी ढाँचा समितिले निर्धारण गर्नेछ।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

CamScanner

७) यसरी उत्पादित उत्प्रेरकले कम्तीमा ३ वर्ष नगरपालिकाले तोके अनुसारका सेवा गर्नु पर्नेछ तर तोकेका अवधि पूरा नहुँदै कुनै अवसरका लागि अन्यत्र जानु पर्ने भएमा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ।

८) निजले संस्थाको समन्वयमा उत्प्रेरक भै कार्य गर्दा गरेको आय आर्जनको पच्चीस प्रतिशत रकम नगरपालिकाको बैङ्क खातामा जम्मा गर्नु पर्नेछ र उत्प्रेरक बन्न अनुसूची ४ को प्रक्रिया पूरा गर्नु पर्नेछ।

९) नगरपालिकाले उत्पादन गरेको उत्प्रेरकले कुनै व्यक्ति, संस्था वा राज्यका प्रलोभनमा परि नगरपालिकाको सहमति बिना कतै गएर सेवा दिन पाइने छैन, यसरी नगरपालिकाको मञ्जुरी बिना कुनै उत्प्रेरकले अन्यत्र गइ काम गरेमा करार ऐन बमोजिम कारबाही गरिनेछ।

१०) यस प्रकारका उत्प्रेरकको कार्य क्षमताको मूल्याङ्कन गरी थप क्षमता विकासका लागि तालिम प्रदान गरिने छ।

११) नगरपालिकाबाट उत्पादित उत्प्रेरक नगरपालिकाको, नीति, नियम, कानून र आचार संहिता भित्र रही कार्य गर्नु पर्नेछ।

## परिच्छेद–४
## पुस्तकालय सञ्चालन व्यवस्था

**१०. पुस्तकालय :**

१) त्रियुगा पुस्तकालय सञ्चालनको जिम्मेवारी त्रियुगा प्रज्ञा प्रतिष्ठानको हुनेछ।

२) पुस्तकालय सञ्चालन सम्बन्धी व्यवस्था देहाय अनुसार हुनेछ।

(क) ज्ञानका सम्पूर्ण पक्ष (भाषा, साहित्य, धर्म, कला, संस्कृति, दर्शन, इतिहास, भूगोल, कानून, विज्ञान–प्रविधि, स्वास्थ्य, खेलकुद, राजनीति, वातावरण) जस्ता वाङमयका सम्पूर्ण क्षेत्रहरूलाई समेट्ने ज्ञान सामग्री खरीद वा प्राप्त गरी पुस्तकालय सञ्चालन गर्ने।

(ख) बिद्युतीय पुस्तकालय (E-library) सञ्चालन गर्ने।

(ग) पठन संस्कृतिको विकास गर्न युवा तथा बालबालिकालाई रुची अनुसारका सामग्री उपलब्ध गराउने।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

CamScanner

(घ) बोध तथा अभिव्यक्तिको मूल्याङ्कनका आधारमा प्रोत्साहनका विशेष व्यवस्था गर्ने।

(ङ) जीवन र जगतसँग ज्ञान–विज्ञान र अध्ययनका तादात्म्य मिल्ने वा अन्तर सम्बन्ध विकास गर्न सक्ने किसिमका अन्तरक्रिया, सेमिनार, गोष्ठी र अनुसन्धान कार्य गर्ने गराउने।

**११. पाठक सदस्यता सम्बन्धी व्यवस्था :**

१) देहाय बमोजिमको शुल्क तिरी त्रियुगा नगर भित्र वा बाहिर जुनसुकै क्षेत्रको व्यक्ति वा संस्था पाठक सदस्य बन्न सक्नेछ।

| सदस्यताको प्रकार | स्वदेशी नागरिकलाई | विदेशी नागरिकलाई |
|---|---|---|
| वार्षिक | रु २०० | रु ४०० |
| पाँच वर्ष | रु १,००० | रु २,००० |
| आजीवन | रु ५,००० | रु १०,००० |
| संस्थागत वार्षिक | रु.३,००० | रु ५,००० |
| संस्थागत ५ वर्षका लागि | रु. १५,००० | रु. २०,००० |
| संस्थागत ५ वर्ष माथि १० वर्ष सम्म | रु.२०,००० | रु. २५,००० |
| संस्थागत १० वर्ष माथि | रु. ३०,००० | रु. ४०,००० |

२) E-library प्रयोगका लागि समितिले तोके बमोजिमका शुल्क तिरी सदस्यता लिन सकिनेछ।

३) विद्यार्थीहरूका लागि नियम ११ को उपनियम (१) मा तोकिएको शुल्कका आधा शुल्कमा सदस्यता प्रदान गरिनेछ।

४) संस्थागत सदस्य लिने संस्थाले तोकेका पाँच जनालाई पुस्तकालय प्रयोगका सुविधा उपलब्ध हुनेछ र सदस्यता लिन संस्थाले आवश्यकता अनुसार प्रयोगकर्ता परिवर्तन गर्न सक्नेछ।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

५) कुनै सदस्यको सदस्यता अवधि समाप्त नहुँदै मृत्यु भएमा वा बसाइँ सरी गएमा निजको हकवाला वा निजले इच्छाएको व्यक्तिका नाममा सदस्यता नामसारी हुन सक्नेछ।

**१२. पाठक सदस्यताको समाप्ति** : देहायको अवस्थामा कुनै पनि व्यक्ति वा संस्थाका पाठक सदस्यता कायम रहने छैन।

क) सदस्यबाट हट्न चाहेमा,

ख) पुस्तकालयको नियम उल्लङ्घन गरेमा,

ग) पुस्तकालयका सम्पत्ति हिनामिना गरेमा,

घ) पुस्तक वा पुस्तकालयका सामग्री दुरुपयोग वा नष्ट गरेमा वा हराएमा वा मासेमा,

ङ) आचार संहिता पटक-पटक उल्लङ्घन गरेमा,

च) तोकिएको समयमा नवीकरण नगरेमा।

**१३. कार्डको व्यवस्था** :

१) हरेक पाठक सदस्यको पुस्तकालय कार्ड हुनेछ।

२) पुस्तकालय कार्डमा देहायको विवरण हुनेछ।

क) सदस्यको नाम थर, ठेगाना

ख) योग्यता

ग) सदस्यताको प्रकार

घ) पुस्तकालय प्रयोग : पुस्तक÷श्रव्य दृश्य सामग्री÷बिद्युतीय पुस्तकालय वा सबै

ङ) सदस्यको पासपोर्ट साइजको फोटो

च) संस्थागत भए पुस्तकालय प्रयोग कर्ताको फोटो।

छ) अध्यक्ष वा निजले अधिकार प्रत्यायोजन गरेका व्यक्तिले प्रमाणित गरेको।

**१४. कार्डको प्रतिलिपि सम्बन्धी व्यवस्था** : पुस्तकालय प्रयोगकर्ता सदस्यले कार्ड हराएमा वा नष्ट भएमा देहाय अनुसारका शुल्क तिरेर कार्डको प्रतिलिपि प्राप्त गर्न सक्ने छन्।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

| सदस्यताको प्रकार | एक वर्ष रु. | पाँच वर्ष रु. | आजीवन वा पाँच वर्ष माथि रु. |
|---|---|---|---|
| व्यक्तिगत | ५०। | १००। | १५०। |
| संस्थागत | ५०। | २००। | ३००। |

**१५. पुस्तक अध्ययन सम्बन्धी व्यवस्था :**

१) पुस्तकहरू पुस्तकालयका अध्ययन कक्षमा अध्ययन गर्नु पर्नेछ।

२) कुनै पुस्तक १५ दिन सम्मका लागि घर लगेर अध्ययन गर्न पाइनेछ र यसरी लैजाँदा पुस्तकका महत्त्व हेरी एक पटकमा २ वटा सम्म दिन सकिनेछ र पुस्तक पढ्ने अवधि दुई पटक सम्म थप गर्न सक्नेछ तर विशेष अवस्थामा दुई वटा भन्दा बढी पुस्तक लैजानु पर्ने भएमा तोकिएका धरौटी राखी अध्यक्षको अनुमतिमा लैजान वाधा पर्ने छैन।

३) पुनः प्रकाशन हुने सम्भावना नभएका, विशेष किसिमका र कम सङ्ख्यामा भएका पुस्तक पुस्तकालय भन्दा बाहिर लैजान पाइने छैन।

४) अघिल्लो पटक लगेका पुस्तक फिर्ता नगरी पुनः अर्को लैजान पाउने छैन।

५) बिद्युतीय पुस्तकालयका कुनै सामग्री लापर्बाही गरी बिगारेमा सो सामग्रीको मूल्यको दोब्बर रकम तिर्नु पर्नेछ।

६) ऐन नियमको अधिनमा रही समितिले आवश्यकतानुसार पुस्तकालय सम्बन्धी कार्यविधि, निर्देशका र मापदण्ड बनाइ नगर कार्यपालिकामा स्वीकृत गराई लागू गर्न सक्नेछ।

**१६. धरौटी सम्बन्धी व्यवस्था :**

१) रु. ५०० भन्दा बढी मूल्यको पुस्तक भए मूल्यको दोब्बर धरौटी राख्नु पर्नेछ।

२) पुस्तक च्यातेमा, हराएमा वा केरमेट गरेमा मूल्यको दोब्बर हुन आउने रकम तिर्नु पर्नेछ।

३) पुस्तक लैजाँदा तोकिएको म्यादमा फिर्ता नगरे म्याद नाघेको भोलि पल्टदेखि दैनिक रु. १०। दरले जरिबाना लाग्ने छ तर नियम १५ को उपनियम २ बमोजिम म्याद थपिएको अवस्थामा थपिएको म्यादसम्म जरिबाना लाग्ने छैन।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

CamScanner

**१७. सदस्यको लागत व्यवस्थापन** : पुस्तकालय प्रयोगकर्ता सदस्यको लागत रजिष्ट्रर र सफ्टवेयरमा सदस्यको प्रकार अनुसार अलग-अलग र नेपाली वर्णानुक्रम अनुसार व्यवस्थित गरिनेछ।

**१८. लगतबाट हटाउने** :

१) प्रयोग गर्न अयोग्य भएका सामग्री समितिका निर्णयानुसार पुस्तकालयको लगतबाट हटाई नष्ट गरिने छ र यसरी नष्ट गरिएका सामग्रीको छुट्टै लगत राखिने छ।

२) उपनियम (१) बमोजिम नष्ट गरिएका सामग्रीको सूची परिषदबाट अनुमोदन गराई नगरपालिकामा जानकारी दिनु पर्नेछ।

**१९. निःशुल्क सेवा** : कुनै स्वदेशी वा विदेशी अनुसन्धानकर्ता आफ्नो परियोजना सञ्चालनका क्रममा निश्चित अवधिका लागि पुस्तकालय प्रयोगका अनुमति माग गर्न आएमा अध्यक्षले निःशुल्क प्रयोगका अनुमति दिन सक्नेछ र यसरी निःशुल्क प्रयोग अनुमति प्राप्त व्यक्तिले अन्य नियम व्यक्तिगत प्रयोग सदस्यले सरह पालना गर्नु पर्नेछ।

## परिच्छेद ५

## पुस्तकालयका पाठक सदस्यको आचार संहिता

**२०. पुस्तकालयका पाठकले पालना गर्नुपर्ने आचार संहिता :**

१) पुस्तक, बिद्युतीय पुस्तकालय र श्रव्य दृश्य सामग्री प्रयोग गरी अध्ययन गर्ने।

२) अध्ययन कक्ष र बिद्युतीय पुस्तकालय तोकिएका समयभित्र मात्र प्रयोग गर्न पाइनेछ।

३) पुस्तकालयमा अनावश्यक वादविवाद गर्न पाइने छैन।

४) पुस्तकालयभित्र धूम्रपान गर्न पाइने छैन साथै कुनै पनि खाद्य सामग्री लैजान पाइने छैन।

५) मादक पदार्थ सेवन गरी पुस्तकालय भित्र प्रवेश गर्न पाइने छैन।

६) पाठक सदस्यले पुस्तकालयका सरसफाइ र सामग्रीको सुरक्षामा समेत ध्यान दिनु पर्नेछ
।

७) समितिले आवश्यकता अनुसार निर्धारण गरेका अन्य आचार संहिताका पूर्ण पालना गर्नु पर्नेछ।

**२१. नवीकरण सम्बन्धी व्यवस्था :**

१) हरेक आर्थिक वर्षमा सदस्यता कार्ड नवीकरण गर्नु पर्नेछ



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

२) काबू बाहिरको परिस्थिति भई समयमा नवीकरण गर्न नसकेका कारण खुलाई निवेदन दिएमा बिना जरिबाना नवीकरण हुनेछ तर यस्ता समय ६ महिनाभन्दा बढी हुने छैन।

३) ६ महिनाभन्दा बढी समय सम्म नवीकरण नगरेमा नवीकरण शुल्कको २५% विलम्ब शुल्क लाग्नेछ तर १ वर्ष सम्म पनि नवीकरण नगरेमा सदस्यता स्वतः खारेज हुनेछ।

## परिच्छेद–६
## कृति लेखन र पुरस्कार

**२२. पुरस्कार सम्बन्धी व्यवस्था :**

१) कार्य समितिका निर्णयानुसार समुचित लेखनवृत्ति दिएर कृति लेखन कार्य गराउन सक्नेछ।

२) स्रष्टा, संस्था वा कृतिलाई पुरस्कृत गर्न सकिनेछ।

३) पुरस्कार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

(क) 'नगर विशिष्ट प्रतिभा पुरस्कार' तोकिएका विधामा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्रष्टा, संस्था वा कृतिलाई– रु. ५१,०००। प्रत्येक २ वर्षमा १ जनालाई।

(ख) 'त्रियुगा प्रज्ञा नेपाली भाषा, साहित्य वा संस्कृति मध्ये एक विधामा पुरस्कार'- रु. २१,०००। प्रत्येक वर्ष १ जनालाई।

(ग) 'त्रियुगा प्रज्ञा मातृभाषा साहित्य पुरस्कार'– रु.२१,०००। प्रत्येक वर्ष १ जनालाई।

(घ) 'त्रियुगा प्रज्ञा कला साधना पुरस्कार'– रु. २१,०००। प्रत्येक वर्ष १ जनालाई।

(ङ) 'त्रियुगा प्रज्ञा–विज्ञान प्रविधि पुरस्कार'– रु. २१,०००। प्रत्येक वर्ष १ जनालाई।

(च) 'त्रियुगा प्रज्ञा बाल प्रतिभा पुरस्कार'– रु. १५,०००। १८ वर्ष मुनिका बालबालिकामध्ये प्रत्येक वर्ष १ जनालाई।

४) पुरस्कृत हुने व्यक्ति, संस्था वा कृतिलाई देवकोटा जयन्तीमा घोषणा गरिनेछ र प्रज्ञा प्रतिष्ठानले फाल्गुन महिना भित्र समारोहको आयोजना गरी वितरण गनेछ।

५) कुनै विधामा पुरस्कार स्थगित गर्नु वा विधा परिवर्तन गरी पुरस्कृत गर्न पर्ने भएमा उचित कारण सहित समितिको निर्णय अनुसार हुनेछ।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

६) छनोटका मापदण्ड समितिले निर्धारण गरे बमोजिम हुने छ।

७) उपदफा (३) बमोजिमका पुरस्कारहरूको रकममा प्रचलित कानून बमोजिम लाग्ने करकट्टा गरी प्रदान गरिने छ।

## परिच्छेद–७
## छनोट समिति

**२३. छनोट समिति :**

१) पुरस्कार वितरणका लागि तोकिएका क्षेत्र तथा मापदण्ड भित्रका स्रष्टा, संस्था तथा कृति छनोटका लागि देहाय बमोजिमको समिति गठन गरिने छ :

(क) संस्थाका उपाध्यक्ष संयोजक

(ख) संस्थाका कार्य समिति सदस्यहरू मध्ये समितिले तोकेका १ जना – सदस्य

(ग) नगर प्रमुखले तोकेका व्यक्ति –१ जना सदस्य

(घ) अध्यक्षद्वारा मनोनीत परिषद् सदस्यहरू मध्येबाट १ जना सदस्य

(ङ) संस्थाका सदस्य सचिव – सदस्य सचिव

२) अध्यक्षले संयोजकसँग परामर्श गरी आवश्यकतानुसार छनोट समितिको बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रित गर्न सक्नेछ।

**२४. कोष परिचालन :**

१) कोषको परिचालन देहाय बमोजिम गरिने छ।

(क) संस्थाको दैनिक कार्य सञ्चालन,

(ख) सम्मान र पुरस्कार,

(ग) पुस्तकालय विकास र सञ्चालन,

(घ) संस्थाका अन्य आवश्यक गतिविधि र कार्यक्रम,

२) परिषदबाट स्वीकृत कार्यक्रम अनुसार कोष परिचालन गरिने छ।

३) कोषबाट खर्च भएका रकमका आर्थिक प्रतिवेदन परिषदमा पेस गर्नु पर्नेछ।

४) कोषको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ।

**२५. खाता सञ्चालन :**



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

१) बैङ्क तथा मान्यता प्राप्त वित्तीय संस्थामा संस्थाका आफ्नै खाता सञ्चालन हुनेछ।

२) बैक खाता सञ्चालन संस्थाको अध्यक्ष र नगरपालिकाको लेखा सञ्चालन गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ।

**२६. पदाधिकारी र कर्मचारीको व्यवस्था :**

१) संस्थाको अध्यक्ष नै कार्यकारी प्रमुख हुनेछ र कार्यकारी प्रमुखको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

२) कार्य समिति, परिषद् र उप समितिको बैठक भत्ता सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

३) संस्था संञ्चालनका लागि आवश्यक कर्मचारीको व्यवस्था नगरपालिकाले गर्नेछ।

## परिच्छेद–८
## विविध

**२७. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था** : यस संस्थाका कुनै पदाधिकारीले आफ्नो अधिकार अर्को पदाधिकारी वा सदस्यलाई पूर्ण, आंशिक रूपमा प्रत्यायोजन गर्न सक्ने छ।

**२८. पुस्तकालयको छाप र चिह्न** : पुस्तकालयको छुट्टै छाप र चिन्ह अनुसूची–५ अनुसार हुनेछ।

**२९. संशोधन** : यो नियमावलीको संशोधन गर्ने अधिकार कार्यपालिकाको हुनेछ।

**३०. व्याख्या गर्ने अधिकार** : यो नियमावलीको व्याख्या गर्ने अधिकार कार्यपालिकाको हुनेछ

**३१. खारेजी र बचाउ :**

१) यो नियमावली लागू भए पश्चात् त्रियुगा प्रज्ञा प्रतिष्ठानका विधान, २०८१ र बौद्धिक बैङ्क कार्यविधि, २०८१ स्वतः खारेज हुनेछन्।

२) यो नियमावली प्रारम्भ हुनु अघि भए गरेका कार्य यस नियमावली बमोजिम भए गरेको मानिने छ।

**३२.** समयानुकूल र आवश्यकता अनुसार ऐन संशोधन गर्न सकिन्छ। संशोधन प्रचलित नियम अनुसार हुनेछ।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

CamScanner

## अनुसूची–१

**नियम ६ का उपनियम १ सँग सम्बन्धित बौद्धिक बैकमा जम्मा गर्ने सम्वन्धी आवेदनका ढाँचा**

श्रीमान अध्यक्ष,

त्रियुगा प्रज्ञा प्रतिष्ठानको कार्यालय, गाईघाट, उदयपुर, कोशी. प्रदेश।

विषय : बौद्धिक बैङ्कमा जम्मा गरिदिनु हुन।

उपर्युक्त सम्बन्धमा मैले÷हामीले तपसिलको विषयमा नवीन खोज अनुसन्धान गरी सो को नतिजालाई बौद्धिक सम्पत्तिका रूपमा जम्मा गर्न आएको छु÷छौ । मेरो÷हाम्रो निजी अनुसन्धानलाई बौद्धिक बैङ्कमा जम्मा गरि दिनु हुन अनुरोध छ । अध्ययन अनुसन्धानको नतिजा र सो सम्बन्धी विवरण झूटा ठहरे कानुन बमोजिम सहन÷बुझाउन मञ्जुर गर्दछु÷गर्दछौं ।

**तपसिल**

१. विषय :

२. शीर्षक :

३. शोधपत्रको सामान्य विवरण :

४. शोधको हार्डकपी र सफ्टकपी दुवै तीन-तीन प्रति

५. भौतिक वस्तु भए सो को विवरण सहित एक थान भौतिक वस्तु

६. अन्य

निवेदक

नाम थर :

दस्तखत :

ठेगाना :

बाबुको नाम :

बाजे/पतिको नाम :

उत्पत्ति सम्बन्धी अन्य विवरण भए उल्लेख गर्ने :

मिति :



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

# अनुसूची–२

## नियम ६ का उपनियम ३ सँग सम्बन्धित

## बौद्धिक बैङ्कमा सम्पत्ति जम्मा गरेको प्रमाण–पत्रका ढाँचा

## बौद्धिक सम्पत्ति जम्मा गरेको प्रमाण–पत्र

मिति :....................

................................को नाति/नातिनी...................... को छोरा/छोरी ............................... श्रीमान÷ श्रीमती............................ प्रदेश........... जिल्ला................... नगर÷गाउँपालिका ..................... वडा नं........... निवासी वर्ष............का श्री ............................................. नागरिकता प्रमाण पत्र नं ...........जिल्ला..........................वडा नं........... ले त्रियुगा नगरपालिकाको बौद्धिक बैङ्क मा तपसिल बमोजिमको बौद्धिक सम्पत्ति जम्मा गर्नु भएकोले दाखिला प्रमाण–पत्र प्रदान गरिएको छ।

**तपसिल**

विषय :

शीर्षक :

खोज अनुसन्धानका सामान्य विवरण :

दाखिला मिति :

| | |
|---|---|
| .............................. | .......................... |
| नाम : | नाम : |
| सचिव | अध्यक्ष |



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

CamScanner

## अनुसूची–३

### नियम ९ को उपनियम ३ सँग सम्बन्धित उत्प्रेरक बन्न चाहनेको आवेदनको ढाँचा

श्री अध्यक्ष,

त्रियुगा प्रज्ञा प्रतिष्ठानका कार्यालय, गाईघाट, उदयपुर

विषय : उत्प्रेरक तालिममा सहभागी हुन पाऊँ।

उपर्युक्त सम्बन्धमा त्रियुगा नगरपालिका वडा नं. .................... टोल निवासी मलाई त्रियुगा नगरपालिकाले त्रियुगा प्रज्ञा प्रतिष्ठान मार्फत सञ्चालन गर्ने उत्प्रेरक तालिममा प्रतिष्ठानका नियमअनुसार समावेश हुने अवसर प्रदान गरिदिनु हुन अनुरोध गर्दछु।

**आवेदक**

दस्तखत :

नाम थर :

जन्म मिति :

शैक्षिक योग्यता :

सम्पर्क नम्बर :

**संलग्न कागजातहरू :**

१. नेपाली नागरिकताका प्रमाण पत्रका प्रतिलिपि

२. त्रियुगा नगरपालिकामा स्थायी बसोबास गरेका प्रमाण–पत्रको प्रतिलिपि

३. कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताका प्रमाण–पत्रहरूका प्रतिलिपिहरू।

४. कबुलियत फाराम



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख

नगर प्रमुख

## अनुसूची–४

## नियम ९ को उपनियम ८ सँग सम्बन्धित उत्प्रेरक बन्न पुरा गर्नु पर्ने प्रक्रिया

१. उत्प्रेरक बन्ने आवेदन :

२. कबुलियत फाराम :

३. भाषामा राम्रो दखल भएको :

४. स्पष्ट बोली, बौद्धिक ज्ञान र क्षमता भएको :

५. सहभागी प्रतिक्रियामा कम्तीमा ६० अङ्क प्राप्त गरेको :

६. कम्प्युटर सीप भएको :

७. त्रियुगा नगरपालिका भित्र स्थायी बसोबास भएको :

८. २५ वर्ष पुगी ५० वर्ष ननाघेको :

९. कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको :

१०. सदाचारी हुनुपर्ने (धूम्रपान, मद्यपान, लागूऔषध सेवन नगर्ने)

११. दीर्घ र गम्भीर प्रकृतिको रोग नलागेको :

१२. कम्तीमा १० वर्ष त्रियुगा नगर क्षेत्र भित्र बसोबास गर्ने योजना भएको।



प्रमाणित गर्ने
बसन्त कुमार बस्नेत, नगर प्रमुख
नगर प्रमुख

## अनुसूची–५
## नियम २८ सँग सम्बन्धित पुस्तकालयको चिन्ह र छापका नमुना

१. गोलो घेरा भित्र माथि पट्टि त्रियुगा प्रज्ञा– प्रतिष्ठान लेखिएको

२. बीचमा खुल्ला पुस्तकमा वरिपरि त्रियुगा पुस्तकालय लेखिएको

३. पुछारमा स्था. २०८१ लेखिएको।

**अङ्ग्रेजीमा भए**

त्रियुगा प्रज्ञा प्रतिष्ठान लेखिएको स्थानमा Triyuga Academy लेखिएको, त्रियुगा पुस्तकालय लेखिएको स्थानमा Triyuga Library लेखिएको र स्था. २०८१ लेखिएको स्थानमा Estd. 2021 AD लेखिएको।



प्रमाणित गर्ने

बसन्त कुमार बस्नेत, नगर प्रमुख